# माछापुच्छ्रे गाउँपालिका
# Machhapuchchhre Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

पत्र संख्या
Letter No.:
चलानी नं.
Dispatch No.:

लाहाचोक, कास्की
Lahachowk, Kaski
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal


प्रथम पटक सूचना प्रकाशित मिति २०७८।०३।२४

### विषयः सवारी साधन भाडामा लिने सम्बन्धी सूचना

प्रस्तुत विषयमा यस गाउँपालिकाको कार्यालयक प्रयोजन तथा कोभिड १९ भाइरसको रोकथाम तथा नियन्त्रण सम्बन्धी कार्यको लागि दुई थान सवारी साधन (जिप) भाडामा लिनुपर्ने भएकोले निम्न लिखित सर्तहरूको अधिनमा रही घटाघटको माध्यमबाट सवारी साधन भाडामा उपलब्ध गराउन इच्छुक सवारी धनी/व्यवसायिहरूका लागि ७ दिने सूचना प्रकाशित गरिएको छ ।

सर्तहरू

१. भाडामा उपलब्ध गराउने सवारी साधन Four Wheel भएको, कम्तीमा चालक सहित ७ सिट क्षमता भएको तथा कच्ची सडकमा समेत सञ्चालन गर्न मिल्ने हुनुपर्दछ ।

२. भाडामा उपलब्ध गराउने सवारी साधनको चालकको तलब, भत्ता तथा अन्य सुविधा सम्बन्धीत यातायात व्यवसायी वा सवारी धनी स्वयंले नै उपलब्ध गराउनुपर्नेछ ।

३. भाडामा उपलब्ध गराउने सवारी साधान कम्तिमा मिति २०७८ असोज मसान्त सम्मको लागि भाडामा दिन इच्छुक भएको हुनुपर्नेछ र सो समय भन्दा बढी समयको लागि भाडामा दिनु/लिनु पर्ने भएमा दुई पक्षहरूबीचको आपसी समझदारीमा लिन/दिन सकिनेछ ।

४. भाडामा उपलब्ध गराउने सावरी साधनको नियमानुसारको सवारी कर सम्बन्धीत यातायात व्यवसायी वा सवारी धनी स्वयंले तिर्नुपर्नेछ ।

५. सवारी साधन भाडा उपलब्ध गराउँदा कार्यालयले इन्धन उपलब्ध गराउदा वा स्वयं व्यवसायीले इन्धन व्यवस्था गर्दा प्रति महिना के कति दर रेटमा उपलब्ध गराउन सकिन्छ सोको दररेट छुट्टाछुटै अक्षर र अंकमा खुलाई पेश गर्नुपर्नेछ ।

६. भाडामा उपलध गराउने सवारी साधनको मर्मत संभार तथा नियमानुसारको बहाल कर यातायात व्यवसायी वा सवारी धनी स्वयंले तिर्नुपर्नेछ ।

७. उल्लिखित सर्तहरू बाहेक अन्य सर्तहरू सार्वजनिक खरिद ऐन तथा नियमावली र सम्झौतापत्रमा उल्लेख भए बमोजिम हुनेछन् ।

२०७८।०३।२४

प्रमुख प्रशासकीय अधिकृत